निर्णय नं .१

प्रस्ताव नं १ माथि छलफल गर्दा परिचयात्मक कार्यक्रमको सुरुवात संगै विगत कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनका स्थितिमा समिक्षा गर्नुका साथै विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न गरियो ।

निर्णय नं .२

प्रस्ताव नं २ माथि छलफल गर्दा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाडौको चलानी नं. ९५७ मिति : ९०८१/०८/०४ को पत्रानुसार रम्भा गाउँपालिका, पाल्पा बाट सरुवा भइ आउनुभएका प्रमुख प्रशासकीय अधिकृत श्री ठाकुर प्रसाद अर्याल ज्यूलाइ सिरानचोक गाउँपालिकामा हार्दिक स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

निर्णय नं .३

प्रस्ताव नं ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा विनियोज़न गरेका विभिन्न योजनाहरुको अवस्थावारे छलफल गरि सहज रुपमा सम्झौता गर्ने कार्य वातावरण मिलाउने विषयमा छलफल गर्दै सहज तरिकावाट समयमानै रकम भुक्तानि गर्ने निर्णय गरियो

निर्णय नं .४

प्रस्ताव नं ४ माथि छलफल गर्दा भुगोल एवंम जनसंख्यालाइ मध्यनजर गर्दै वडावासिको आवस्यकता, माग एवंम चाहना अनुरुप सिरानचोक गाउँपालिका वडा नं ८ को सेवाप्रवाह सिरानचोक गाउँपालिका वडा नं ८ को चिप्लेटीबाट सेवाप्रवाह गर्ने निर्णय गरियो ।

निर्णय नं .५

प्रस्ताव नं ५ माथि छलफल गर्दा पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धिगर्ने उद्देश्यका साथ पशुजन्य रोगहरूको नियमित निगरानी उपचार र रोकथाम गर्नकोलागि सिरानचोक गाउँपालिका वडा नं ४ को चोरकाटेमा पशु प्रयोगशाला स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं .६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस सिरानचोक गाउँपालिकाको गाउँसभाको १५ औ अधिवेशन देहायको एजेन्डामा छलफलको लागि तपशिलको मिति समय र स्थानमा हुने भनि निर्णय गरियो ।

मिति : २०८१०/०९ /२३

समय : विहान ११ बजे ।

स्थान : सिरानचोक गाउँपालिका गउँ कार्यपालिकाको कार्यालय छोप्राक गोरखा ।

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं .७

प्रस्ताव नं ७ माथि छलफल गर्दा सिरानचोक गाउँपालिकाभित्र म्याद गुज्रेका अंखाद्य वस्तु, स्वास्थ्य मापदण्ड पुरा नगरेका खाद्य सामाग्री एवं विभिन्न नाममा प्लाष्टिकका बोतलहरुमा सिलबन्दी भएका मानव स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने मदिराजन्य पदार्थहरु बिक्रि वितरण भएको गुनासो आएकोले यस्ता सामाग्रीहरु खरिद नगर्नुहुन जनचेतनामुलक सूचना सामग्रि प्रकाशन गर्दै जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने तथा अनुगमन का साथै नियमन एवंम नियन्त्रण गर्ने निर्णय गरियो ।

निर्णय नं .८

प्रस्ताव नं ८ विविध माथि छलफल गरि तपशिल बमोजिमका निर्णय गरियो ।

क. सिरानचोक गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत शिक्षा,युवा तथा खेलकुद शाखामा कुनै पनि दरबन्दीमा कर्मचारी नभएको र रीक्त दरबन्दी पदपूर्तिको लागि लोक सेवा आयोगमा माग गरिएको साथै पदपूर्ति हुन केहि समय लाग्ने भएकोले तत्काल अर्को व्यबस्था नहुँदा सम्मका लागि शिक्षा शाखा अन्तर्गत कामकाज गर्ने गरि सिरानचोक-६ स्थित श्री नामरुक देवी आधारभुत विद्यालयका प्रा वि तह, द्वितीय श्रेणीका स्थायी शिक्षक श्री कृष्ण प्रसाद पोखरेललाई कामकाजमा खटाउने निर्णय गरियो ।

**ख.** सिरानचोक गाउँपालिकाको विभिन्न वडाहरुमा मनसुन तथा वर्षाको समयमा वर्षा, बाढी तथा पहिरोका कारण अवरुद्ध बाटो सरसफाई तथा मर्मत गरि प्राविधिक मूल्यांकन तथा अनुगमन प्रतिवेदन सहित पेश भएको फाईलहरुका सम्बन्धमा २०८१ असोज १३ को कार्यपालिका बैठकले बाटो सरसफाई तथा मर्मत शीर्षकबाट प्रत्येक वडालाई छुट्याएको रकम बाट नै तपशिल बमोजिम भुक्तानी दिने निर्णय गरियो।

तपसिल:

| सि.नं | वडा नं | रकम ( रुपैया) | कैफियत |
|---|---|---|---|
| १ | १ | २,९२,५५१.२५ | |
| २ | २ | ३,४०,८६३.५७ | |
| ३ | ३ | २,६९,९६०.४९ | |
| ४ | ४ | ३,१७,२१७.०५ | |
| ५ | ५ | ३,२४,९७६.०० | |
| ६ | ६ | ३,२१,५०१.४१ | |
| ७ | ७ | ३,७२,८४८.३३ | |
| ८ | ८ | ३,२०,९१२.६६ | |

ग. सिरानचोक गाउँपालिकाको विपद व्यवस्थापन समितिको तपशिल बमोजिमको बिपद प्रभावित स्थानिय व्यक्तिहरुलाइ आर्थिक सहयोग प्रदान गर्ने निर्णय अनुमोदन गरियो।

तपशिल:

| क सं | नाम थर | ठेगाना | सहयोग रकम रु | बिपदको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | चित्र कुमार नगरकोटी | वडा नं ६ | १८०००।- | पहिरोको कारण गाइको मृत्यु | |
| २ | संतोष गुरुङ | वडा नं ५ | २००००।- | आगलागी | |

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
गण्डकी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | माया देवि सापकोटा | वडा नं ३ | १८०००।- | पहिरो | |
| ४ | प्रभास गरुङ | वडा नं ५ | १८०००।- | पहिरो | |
| ५ | कला पोखरेल | वडा नं ५ | १८०००।- | पहिरो | |
| ६ | भिम बहादुर गरुङ | वडा नं५ | २००००।- | पहिरो | |
| ७ | मुन्द्रे सार्की | वडा नं ३ | १५०००।- | पहिरो | |
| ८ | चन्द्र कुमारी श्रेष्ठ | वडा नं ८ | २००००।- | पहिरो | |
| ९ | खड्ग बहादुर कामी | वडा नं ८ | १५०००।- | पहिरो | |
| १० | मन्जु कामी | वडा नं ५ | २००००।- | चट्याङबाट पाडोको मृत्यु | |
| ११ | जितेन्द्र गुरुङ | वडा नं७ | १५००० | पहिरो | |
| १२ | अनिल नेपाली | वडा नं ७ | १५००० | पहिरो | |
| १३ | दल बहादुर बि क | वडा नं ७ | २०००० | आगो लागी | |

घ. सिरानचोक गाउँपालिका गउँकार्यपालिकाको बैठक नियमित रुपमा सञ्चालन गर्नको लागि प्रत्येक महिनाको ७ गते वस्ने तथा उक्त दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको भोलिपल्ट वस्ने ।

ङ. सिरानचोक गाउँपालिका वडा नं ४ को प्राथमिक स्वास्थय चौकि निर्माण स्थल सम्बन्धमा गाउँसभाले निर्णय गरेको स्थानमा स्थापनागर्ने ।

च. विविधमा अन्य छलफलका विषयहरु नभएको हुदाँ अध्यक्षज्यूले आजको वैठकको समापन गर्नु भयो ।

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याल्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल